# जिल्ला समन्वय समितिको कार्यालय
## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

कोशी प्रदेश, नेपाल


मिति :२०८१/०७/१२
ने.सं.: ११४४ कौलागा ११ सोमवार

प.सं : २०८१/८२
च.नं. : ६१

**विषय : २०८१ श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।**

श्री राष्ट्रिय सूचना आयोग
नयाँवानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८१ श्रावण, भाद्र र आश्विन महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरी यसै पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

(विवेक काफ्ले)
नि. जिल्ला समन्वय अधिकारी
नि. जिल्ला समन्वय अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१ साल श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित क्रियाकलाप विवरण

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

२०८१।६।१८
(सूचना अधिकारी)

## जिल्ला समन्वय समितिको परिचय

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए वमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ।

### १. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० वमोजिम)

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

### २. जिल्ला सभाको काम कर्तव्य र अधिकार

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

### ३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा ब्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरु:-**

- नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

-ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरु:-

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख) अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

-ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गत जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरण:**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १

जिल्ला समन्वय समिति सदस्य - ७


जम्मा - ९ जना

जिल्ला समन्वय समितिको कार्यालय
धनकुटा
२०७३

६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरणः

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | १ | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सव इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | १ | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | २ | २ | करार |
| | जम्मा | | | | १२ | ११ | |
| १० | नायव सुव्वा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी (सर्वोच्च अदालतबाट मुद्दा फैसला भइ पदपूर्तिको प्रकृयामा रहेको) |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | १ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचना:



८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख) जिल्ला सभा ऐन, २०७५

ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ।

९. मुख्य मुख्य क्रियाकलाप विवरण:

क) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १२ जिल्ला सभा सम्बन्धी व्यवस्था अन्तर्गत दफा ९२(ञ) मा "जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एकपटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद सदस्यहरुलाई आमन्त्रण गरी सुझाव लिने" भन्ने व्यवस्था अन्तर्गत मिति २०८१ साल भाद्र २७ र २८ गतेका दिन जिल्ला समन्वय समितिको आयोजनामा धनकुटा जिल्लामा रहेका सातवटै स्थानीय तह, संघ तथा प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालयहरु एवम् जिल्लास्थित संस्थाहरुद्वारा आ.व. २०८०/०८१ मा सञ्चालित बजेट, योजना तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षा कार्यक्रम प्रतिनिधि सभाका सदस्य माननीय राजेन्द्र कुमार राईज्यूको प्रमुख आतिथयतामा एवम् प्रदेश सभा सदस्य माननीय निरन राई र माननीय इन्द्रमणी पराजुलीज्यूको विशिष्ट आतिथ्यतामा र यस जिल्लाका सातवटै स्थानीय तहका प्रमुख/अध्यक्षज्यू एवम् उपप्रमुख/उपाध्यक्षज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, जिल्लास्थित सबै कार्यालयका प्रमुखज्यूहरु, गैर सरकारी संघ संस्थाका अध्यक्षज्यू, नागरिक समाजका अध्यक्षज्यू, पत्रकारज्यू लगायतका अन्य महानुभावहरुको उपस्थितिमा सम्पन्न गरियो।

ख) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने कानुनी व्यवस्था अनुसार जिल्ला समन्वय समितिका पदाधिकारी तथा यस कार्यालयमा कार्यरत अस्थायी तथा करार कर्मचारीले पेश गरेको आ.व. २०८०/८१ को सम्पत्ति विवरण यस कार्यालयमा नियमानुसार दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रद्वारा तयार पारिएको अनलाईन सफ्टवेयरमा प्रविष्टी गरी सफ्टवेयरको विवरण प्रिन्ट समेत गरी प्रिन्ट गरिएको विवरण सहित दर्ता भएका खामवन्दी सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा तोकिएको म्यादभित्रै पेश गरिएको।

ग) आ.व. २०८०/८१ को जिन्सी निरीक्षण गर्ने कार्य सम्पन्न गरिएको।

घ) सम्मानित सर्वोच्च अदालत संवैधानिक इजलाशबाट मिती २०७४/०९/२१ मा भएको फैसला र उच्च अदालत विराटनगर धनकुटा इजलासबाट मुद्दा नं. ०७६-WO-००३५ मा निवेदक श्री देवेन्द्र पौडेलको निवेदन दाबी बमोजिम पदपूर्ति प्रकृया अघि बढाउनका लागि विपक्षी जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको नाममा मिति २०७६/०९/०३ मा जारी भएको परमादेश र जिल्ला विकास समितिको कार्यालय, धनकुटा समेत पुनरावेदक (विपक्षी) र चन्द्रकला धमला विश्वकर्मा, देवनन्दन महतो समेत प्रत्यार्थी निवेदक रहेको मुद्दा नं. ०७१-CI-०००५ मा सम्मानित सर्वोच्च अदालत, संवैधानिक इजलासबाट मिति २०७४/०९/२१ मा ...तत्कालीन पुनरावेदन अदालत

धनकुटाको मिति २०७०/१२/२६ को (पुनरावेदन अदालत धनकुटाबाट मिति २०७०/१२/२६ मा ...निवेदकहरु कार्यरत रहेको पदको हकमा समेत पदपूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्नु गराउनु भनि विपक्षी जिल्ला विकास समिति धनकुटाका नाममा परमादेशको आदेश जारी भएको) सदर भएको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ खारेज भइ हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भएको र जिल्ला समन्वय समितिमा सङ्घीय निजामति सेवाको पदमात्र रहेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ अनुसार स्थानीय तहको स्वीकृत स्थायी दरवन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाको बखतसम्म अविछिन्न रुपमा कार्यरत कर्मचारीहरुलाई यो ऐन प्रारम्भ भएपछी लोकसेवा आयोगबाट संचालन हुने खुला तथा आन्तरीक प्रतिष्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिने अवसर दिइनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त परीक्षामा सहभागी गराउन एवम् पदपूर्ति प्रकृया अगाडी बढाउनका लागि श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा माग आकृति फाराम भरि पठाइएको साथै सो कार्यको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरणका लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश, विराटनगरमा समेत लेखी पठाइएको ।

ङ) श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोकको आयोजनामा धनकुटा, संखुवासभा र तेह्रथुम जिल्लाका स्थानीय तहहरुमा कार्यरत प्राविधिक कर्मचारीहरुका लगि मिति २०८१/०७/०४ देखि २०८१/०७/०९ गते सम्म धनकुटा जिल्लाको सदरमुकाम धनकुटामा सञ्चालित स्थानीय तहमा भू उपयोग/भूमि व्यवस्थापन तालिममा यस जिल्लाका सातवटै स्थानीय तहसँग आवश्य समन्वय गरी सवै स्थानीय तहबाट प्राविधिक कर्मचारीको सहभागीता गराइएको।

च) जिल्ला समन्वय समितिबाट हुने अनुगमन नियमित रुपमा भइरहेको ।

**१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:**

आ.व. २०८०/८१ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८१ आश्विन मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १,०१,११,०००।०० | ३१,१२,८८१।४२ |
| २ | नीजि सचिवालय करार कर्मचारी | ४,४८,०००।०० | १,३८,९२०।०० |
| ३ | पानी तथा विजुली, सञ्चार महशुल लगायत अन्य अनिवार्य दायित्व खर्च | ३१,०४,०००।०० | ३,६४,७८८।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ३,८८,०००।०० | १,६९,५५०।०० |
| ५ | अनुगमन तथा भ्रमण खर्च | ८,७३,०००।०० | १,०९,५७७।०० |
| जम्मा | | १,४९,२४,०००।०० | ३८,९५,७१६।४२ |

**११. अन्य आन्तरिक आम्दानी विवरण:** ००।-